आज मिति २०८२।१०।२६ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | — |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | — |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | — |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | — |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | — |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु ।**

## आ.व.०८२।८३ कार्यपालिका बैठक, मितिः २०८२।१०।२६ गते, बैठक संख्या:९ को प्रस्ताव, कार्यसूची र निर्णयहरु

**प्रस्ताव नं. ९.१** अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

**प्रस्ताव नं. ९.२** विभिन्न स्थानमा सञ्चालन भएका बर्थिङ सेन्टरहरुको पुनरावलोकन सम्बन्धमा,

**प्रस्ताव नं. ९.३** सामाजिक सुरक्षा कोषको सम्बन्धमा,

**प्रस्ताव नं. ९.४** विविध

***मिति: २०८२।१०।२६ गते, बाणगङ्गा नगरपालिकाको नगर कार्यपालिका बैठक संख्या: ९ का निर्णयहरु***

**प्रस्ताव नं. ९.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ९.१** बाणगङ्गा नगरपालिकाको १८औं नगरसभा सम्पन्न भएको, बहुवर्षिय योजना स्वीकृतिको लागि सिफारिस गरिएको, केही योजना तथा कार्यक्रमहरु संसोधन गरिएको । नदीजन्य पदार्थ उत्खननको लागि अगाडी बढाईएको, समपुरक र विशेष योजनाहरु छनोट गरी सम्बन्धित निकायमा पठाईएको । सडक बोर्डको योजना छनोट गरिएको, बाणगङ्गा नगरपालिका वडा नं. २ स्थित पिपरा भन्ने ठाउँमा वडा कार्यालयको वालसंग सटेको सार्वजनिक शौचालय सञ्चालनको लागि समितिलाई हस्तान्तरण गरिएको सोही अनुसार अभिलेख गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.२ विभिन्न स्थानमा सञ्चालन भएका बर्थिङ सेन्टरहरुको पुनरावलोकन सम्बन्धमा,**

**निर्णय नं. ९.२** बढ्दो जनसंख्याको चाप र शहरीकरणका कारण पिपरा अस्पतालको सेवा प्रवाह अत्यन्त वृद्धि भएको कारण अस्पतालमा खटिने जनशक्ति समेत थप गरी परिचालन गर्नुपर्ने अवस्थामा बाणगङ्गा नगरपालिकाका विभिन्न स्थानमा रहेका वर्थिङ सेन्टरहरुमा कार्यरत कर्मचारीहरुलाई पिपरामा स्थानान्तरण गरी सेवाको गुणस्तरीयता वृद्धि गर्न हाल सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरुको सेवा प्रवाहको परिमाणलाई मध्येनजर गरी वर्थिङ सेन्टर पुनरावलोकन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.३ सामाजिक सुरक्षा कोषको सम्बन्धमा,**

**निर्णय नं. ९.३** सामाजिक सुरक्षा कोषको च.नं.२५० मितिः २०८२।०९।१७ को पत्रानुसार यस कार्यालय र अन्तर्गत कार्यरत सबै कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने भनि परिपत्र भएकोले कार्यरत सबै कर्मचारीहरुको सामाजिक सुरक्षाकोषमा आवद्ध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.४ विविध**

**निर्णय नं. ९.४.१** विभिन्न दिवशिय कार्यक्रम तथा समारोह शिर्षकबाट खर्च हुने गरी लखन चोकमा शहिद लखन थापा दिवशको अवसरमा शहीदप्रति हार्दिक श्रदान्जली अर्पण गर्ने तथा स्मरणात्मक कार्यक्रम सञ्चालन गर्ने गरी नेपाल मगर संघ, कपिलवस्तुलाई रु.२०,०००।– बीस हजार उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner